# सोलुदूधकुण्ड नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाइ प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सोलुदूधकुण्ड नगरपालिका क्षेत्रभित्र लागू हुने गरी दोस्रो नगरसभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यो ऐनको नाम प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन सोलुदूधकुण्ड नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. <u>परिभाषा :</u>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:–

(क) "ऐन" भन्नाले नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले सोलुदूधकुण्ड नगरपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

३. <u>नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउने अधिकार :</u>संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकारक्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न आवश्यक मापदण्ड तथा अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम,कार्यविधि तथा निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

४. <u>खारेजी र बचाऊ :</u> यो ऐन बन्नु अगाडि कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका निर्णय र आदेश कार्यविधि,मापदण्ड यसै ऐन बमोजिम भएको मानिनेछ ।